प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) तथा दफा ५(४) र नियमावली २०६५ को नियम ३ अनुसार प्रकाशित विवरण

**आ.व. २०७८/७९ (२०७८ कार्तिक देखि २०७८ पौष मसान्त सम्म)**

## १. निकायको प्रकृति र स्वरूप

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन उपयुक्त प्रविधि कृषक समक्ष पुर्याउनको लागि तालिम एक सशक्त माध्यम हो । यही कुरालाई हृदयाङ्गम गरी तत्कालीन श्री ५ को सरकारको मिति २०४४ माघ २४ को निर्णयले तत्कालीन कृषि तालिम तथा प्रसार शाखाबाट अलग्याई केन्द्रीय कृषि तालिम केन्द्र र पाँच विकास क्षेत्रका तराई र पहाडमा १/१ गरी जम्मा १० वटा क्षेत्रीय कृषि तालिम केन्द्रहरु स्थापना गरिएका थिए । सोही बमोजिम बाँकेको खजुरामा क्षेत्रिय कृषि तालिम केन्द्र स्थापना गरिएको थियो । देश संघिय गणतान्त्रिक व्यवस्थामा रुपान्तरित भई संघ, प्रदेश र स्थानिय निकायमा परिमार्जन भएकोमा साविकको क्षेत्रिय कृषि तालिम केन्द्र, खजुरा, बाँके विघटन भई आ.व. २०७५/७६ देखि कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश मातहत रही कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको रुपमा यस कार्यालयले प्रदेश तथा स्थानिय तहका कर्मचारी, र अगुवा कृषकहरुका लागि तालिम संचालन तथा कृषि व्यवसाय प्रवर्द्धनका गतिविधि संचालन गर्ने मुख्य उद्धेश्य सहित काम गर्दै आएको छ ।

## २. निकायको काम र कर्तव्य

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत  कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रर्बद्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा  पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

निमित्त कार्यालय प्रमुख

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्बद्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

### ३. कर्मचारीहरुको विवरण

यस कार्यालयको स्वीकृत कर्मचारी दरवन्दी १६ जनाको रहेको छ । जसमा हाललाई पदपूर्ति भएको पद र कार्यरत कर्मचारीको विवरण यस प्रकार रहेको छ ।

| क्र.स. | नाम | पद | स्थायी ठेगाना |
|---|---|---|---|
| १ | श्रीधर ज्ञवाली | बरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृत स्तर दशौं) | तुलसीपुर उ.म.न.पा. ६, दाङ |
| २ | बिबेक पन्त | कृषि प्रसार अधिकृत (अधिकृत स्तर सातौं) | सैनामैना न.पा. २, रुपन्देही |
| ३ | अनिश श्रेष्ठ | कृषि प्रसार अधिकृत (अधिकृत स्तर सातौं) | खजुरा गा.पा. ३, बाँके |
| ४ | विष्णुराज श्रेष्ठ | लेखा (अधिकृतस्तर छैठौं) | नेपालगंज उ.म.न.पा. ४, बाँके |
| ५ | भोला प्रसाद शर्मा | प्रशासन (अधिकृतस्तर छैठौं) | तुलसिपुर उ.म.न.पा. १५, दाङ |
| ६ | खडक बहादुर बस्नेत | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | मधुवन न.पा. ९, बर्दिया |
| ७ | राधिका पौडेल | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | कोहलपुर न.पा. ११, बाँके |
| ८ | पञ्चम यादव | कार्यालय सहयोगी | डुडुवा गा.पा., बाँके |
| ९ | कुलवीर चौधरी | कार्यालय सहयोगी | घोराही उ.म.न.पा. २, दाङ |
| १० | कुमार के.सी. | हलुका सवारी चालक | खजुरा गा.पा. ४, बाँके |
| ११ | महाबीर थारु | कार्यालय सहयोगी | जानकी गा.पा. ४, बाँके |

निमित्त कार्यालय प्रमुख

## ४. कार्यालयको संगठन संरचना

**प्रमुख**
रा.प.प्र.(प्रा.)
समुहकृत नहुने

**कृषि व्यवसाय तालिम शाखा**
बरिष्ठ कृषि प्रसार अधिकृत —१
कृषि प्रसार अधिकृत — १
प्राविधिक सहायक (कृषि प्रसार) — २

**कृषि व्यवसाय प्रर्बद्धन सहयोग शाखा**
बरिष्ठ कृषि अर्थ विज्ञ— १
कृषि प्रसार अधिकृत— १
प्राविधिक सहायक (एग्रि ईको एण्ड मार्केटिङ)—१

**प्रशाशन शाखा**
नायब सुब्बा रा.प.अनं. प्र. — १
लेखापाल रा.प.अनं. प्र. — १
खरिदार रा.प.अनं. द्वी. — १
हलुका सवारि चालक —२
कार्यालय सहयोगी — ३

## ५. शाखाहरुको कार्यविवरण

### ५.१. कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रर्बद्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

### ५.२ कृषि व्यवसाय तालिम शाखा

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।

- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्बद्धन  सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

**५.३ प्रशासन शाखा**

**५.३.१ लेखा फाँट**

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- नियमित रुपमा लेखा परिक्षण गराउने ।
- बेरुजु हुन् नदिन तर्फ सतर्क रहने तथा बेरुजु रेकर्ड अद्यावधिक राख्ने र नियमित रुपमा बेरुजु फछ्र्यौट सम्बन्धी कार्यहरु गर्ने ।

**५.३.२ सामान्य प्रशासन तथा स्टोर फाँट**

- कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।
- जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।
- कार्यलयको सम्पत्ति सुरक्षा गर्न तथा दुरुपयोग हुन् नदिन आवश्यक कार्य गर्ने ।
- बार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न योजना अनुगमन शाखालाई सहयोग गर्ने ।
- अभिलेखीकरण, बैठक, निर्णय लेखन, बैठक व्यवस्थापन ।
- दर्ता/चलानी साथै सक्कल कागजात सम्बन्धित ठाउँमा पुर्याउने ।
- अन्य शाखाको कार्यविवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्य गर्ने ।

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- सूचना ५ पेजसम्म निशुल्क, यदि सो भन्दा बढी भएमा प्रति पेज रु ५/- दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधि लाग्ने ।
- मागमा आधारीत तालिम निशुल्क प्राप्त हुने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने ।
- कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सहयोग अनुदान निशुल्क प्राप्त हुने, तर लागत सहभागिता बमोजिम लगानी रहने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने ।
- प्राविधिक सर-सल्लाह निशुल्क प्राप्त हुने, सम्भव भए सम्म छिटो प्राप्त हुने ।
- कार्यक्रम हल उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत, दस्तुर प्रति दिन सानो हलको रु. १५००/- र ठुलो हलको रु. ३०००/- लाग्ने ।
- होस्टेल कोठा उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत, दस्तुर रु. १५०/- प्रति व्यक्ति प्रति दिन ।

निमित्त कार्यालय प्रमुख

## ७. नागरिक वडापत्र

# नागरिक वडापत्र

| क्र.स. | सेवा सुविधाको प्रकार | सेवाग्राहीले पुऱ्याउनु पर्ने प्रक्रिया | शुल्क दस्तुर | लाग्ने समय | जिम्मेवार शाखा/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कर्मचारी तालिम (६ दिन देखि २ हप्ता सम्म) | ज्ञान केन्द्रले छनौट गरी सहभागिताको लागि पठाउने | निशुल्क | - | कृषि व्यवसाय तालिम शाखा | कोठा नं. १०५ |
| | सेवा कालिन कर्मचारी तालिम (३० कार्य दिन) | ज्ञान केन्द्र तथा स्थानीय तहले मनोनयन गरी सहभागिताको लागि पठाउने | निशुल्क | - | कृषि व्यवसाय तालिम शाखा | कोठा नं. १०५ |
| २. | सिप बिकास कृषक तालिम (६ दिन देखि २ हप्ता सम्म) | ज्ञान केन्द्रले छनौट गरी सहभागिताको लागि पठाउने | निशुल्क | - | कृषि व्यवसाय तालिम शाखा | कोठा नं. १०५ |
| | मागमा आधारीत सिप बिकास कृषक तालिम | आवेदन फारम/ वडा कार्यालयको सिफारिस/ नागरिकताको प्रतिलिपि सहितको निवेदन पश्चात कार्यालयले छनौट गर्ने | निशुल्क | १ महिना आवेदन समय | कृषि व्यवसाय तालिम शाखा | कोठा नं. १०५ |
| ३. | कृषि व्यवसाय प्रवर्द्धन सहयोग, कृषि बजार प्रवर्द्धन, किसान कल सेन्टर व्यवस्थापन, कृषि उद्यमी सहयोग तथा अभिलेखीकरण | सम्बन्धित कार्यविधि तथा निर्देशिका बमोजिम तोकिएका कागजातहरु | रु. १० को टिकट | १ महिना आवेदन समय | कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | कोठा नं. १०७ |
| ४. | प्राविधिक सरसल्लाह | मौखिक तथा लिखित माग | निशुल्क | तुरुन्तै | कृषि व्यवसाय तालिम शाखा/कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा | कोठा नं. १०५/१०७ |
| ५. | सूचना तथा जानकारी | लिखित निवेदन माग | ५ पेज सम्म निशुल्क, ५ पेज पछी प्रति पेज रु. ५ | जानकारीको प्रकृति हेरी बढीमा ७ दिन | जानकारी बमोजिम सम्बन्धित शाखा | |
| ६. | भुक्तानी | निवेदन, बिल भरपाई तथा प्राविधिक मुल्यांकन | निशुल्क | कामको प्रकृति हेरी ३ दिन देखि बढीमा ७ दिन | लेखा शाखा | कोठा नं. १०२ |

सूचना अधिकारी
अनिश श्रेष्ठ
सम्पर्क नं. ९८५८०६०४४२

कार्यालय प्रमुख
श्रीधर ज्ञवाली
सम्पर्क नं. ९८५८०६०४४३

**कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र**
**खजुरा, बाँके**
सम्पर्क नं. ०८१५६०४४२
इमेल आइडी : abpstckhajura@gmail.com
Website: abpstc.lumbini.gov.np

## ८. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेका निमित्त कार्यालय प्रमुख श्री श्रीधर ज्ञवाली ।

## ९. सम्पादित कामको विवरण

क. पाठ्यक्रम निर्माण परिमार्जन तथा अन्तरप्रदेश अनुभव आदान प्रदान गोष्ठी संचालन गरिएको ।

निमित्त कार्यालय प्रमुख

ख. आधारभूत सेवाकालिन तालिम सहायकस्तर पाचौं तह संचालन गरिएको ।

ग. स्मार्ट कृषि गाउँका कृषकहरुका लागि विषयगत तालिम अन्तर्गत १ वटा तालिम संचालन गरिएको ।

घ. मागमा आधारीत कृषक तालिम अन्तर्गत ५ वटा तालिम संचालन गरिएको ।

ङ. अधिकृतस्तर क्षमता अभिवृद्धि तालिम अन्तर्गत १ वटा तालिम संचालन गरिएको ।

च. हरित स्वयम् सेवकका लागि TOT तालिम अन्तर्गत २ वटा तालिम संचालन गरिएको ।

छ. किसान कल सेन्टर संचालनका लागि कार्यविधि मस्यौदा तयार गरी कृषि विकास निर्देशनालय पठाईएको ।

ज. पूंजीगत निर्माण तर्फ पालेघर निर्माण सम्पन्न गरिएको ।

झ. नमुना प्रदर्शन स्थलमा विभिन्न खाले कृषि उपजहरु उत्पादन ।

**१०. प्रमुख र सूचना अधिकारीको विवरण**

- निमित्त कार्यालय प्रमुख श्री श्रीधर ज्ञवाली, बरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृतस्तर दशौं)
- सूचना अधिकारी श्री अनिश श्रेष्ठ, कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं)

**११. ऐन, नियम, विनियम, निर्देशिकाको सुची**

- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, प्रदेश नं. ५
- ओजेटी परिचालन कार्यक्रम संचालन प्रक्रिया, २०७६
- कृषि उद्यमी अनुदान सहयोग कार्यक्रम संचालन प्रकृया, २०७६
- कृषि उपज बजार पूर्वाधार निर्माण तथा संचालन कार्यविधि, २०७६
- किसान कल सेन्टर संचालन विधि, २०७७
- भर्चुअल माध्यम विधिबाट तालिम संचालन विधि, २०७८

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण** (बजेट रु. हजारमा)

| आयोजना/कार्यक्रम को नाम | वार्षिक विनियोजित बजेट | | | हाल सम्मको प्रगति | | |
|---|---|---|---|---|---|---|
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा |
| कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | १२९३८ | २७०० | १५६३८ | ५०४८.६९३ | १०६७.०८४ | ६११५.७७७ |
| कृषि क्षमता अभिबृद्धि तथा सीप विकास तालिम | १५४९८ | ० | १५४९८ | ७४०७.६७१ | ० | ७४०७.६७१ |
| कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवाटेवा विस्तार कार्यक्रम | ४०२० | ० | ४०२० | ६११.१८५ | ० | ६११.१८५ |
| सामाजिक विकास मन्त्रालय (संघ शसर्त अनुदान) | ३६० | ० | ३६० | १२० | ० | १२० |

| जम्मा | ३२८१६ | २७०० | ३५५१६ | १३१८७.५४९ | १०६७.०८४ | १४२५४.६३३ |
|---|---|---|---|---|---|---|

**१३. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरु**

१. तालिम कार्यक्रम

| क.स. | तालिमको बिषय | जम्मा |
|---|---|---|
| क | कृषक स्तर | |
| १ | कृषि यन्त्र मर्मत तथा सन्चालन तालिम (पटक २) | ३६ |
| २ | युवाहरुलाई उद्यमशिलता विकास तालिम (पटक २) | ४६ |
| ३ | स्मार्ट कृषि गाउका कृषकहरुलाई वालि वस्तु विशेप तालिम (२ पटक) | ५० |
| ४ | मागमा आधारित क्षमता अभिबृद्धि तथा सिप विकास तालिम (८ पटक) | १८३ |
| ५ | कृषि श्रोत व्यक्तिका लागि TOT तालिम (२ हप्ते) (३ पटक) | ६८ |
| ख | कर्मचारी स्तर | |
| १ | कर्मचारी क्षमता अभिवृद्धि तालिम (३ पटक) | ५७ |
| | **जम्मा** | ४४० |

२. मागमा आधारित कृषि बजार पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत २ वटा नयाँ थोक बजार, २ वटा नयाँ हाटबजार, ३ वटा हाट बजार सुदृढिकरण, ११ वटा नयाँ संकलन केन्द्र गरी जम्मा १८ वटा कृषि बजारको संरचना निर्माण तथा सुदृढिकरण भएको ।

३. कृषि उद्यमी सहयोग अनुदान कार्यक्रम अन्तर्गत जम्मा १३९ जना तालिम प्राप्त कृषकहरुलाई कृषि उद्यमी बन्न उत्प्रेरित गर्नका लागि सहयोग प्राप्त भएको ।

४. किसान कल सेन्टरको मार्फतबाट ४४ जना कृषकहरुलाई सेवा पुर्याईयो ।

५. नमुना प्रदर्शन स्थल कार्यक्रम मार्फत आधुनिक कृषि प्रविधिहरु प्रदर्शन गरिएको ।

६. आधुनिक प्रविधिका कृषि यन्त्र उपकरण खरिद अन्तर्गत खरिद गरिएको धान रोप्ने मेसिन प्रयोग गरी बाँके र बर्दियाका कृषकहरुका ३० बिघा भन्दि बढी खेतमा धान रोपाई गरियो ।

**१४. सार्वजनिक निकायको वेबसाईट**

यस कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेको वेबसाईट abpstc.lumbini.gov.np रहेको छ ।

**१५. वैदेशिक ऋण/अनुदान/सहयोग**

नरहेको ।

**१६. कार्यक्रम प्रतिवेदन**

- मागमा आधारीत कृषक तालिम अन्तर्गत २ वटा कृषि यन्त्र मर्मत तथा संचालन तालिम, २ वटा व्यावसायिक तरकारी खेति तालिम, र १ वटा व्यावसायिक च्याउ खेति तालिम गरी १२० जनालाई तालिम प्रदान गरी सीप तथा क्षमता अभिवृद्धि गरिएको ।
- सहायकस्तर पाचौं तहका कृषि प्राविधिक कर्मचारीका लागि आधारभूत सेवाकालिन तालिममा २० जना कर्मचारीको वृद्धि विकासका लागि तालिम प्रदान गरिएको।

निमित्त कार्यालय प्रमुख

- स्मार्ट कृषि गाउँका कृषकहरुका लागि विषयगत तालिममा २३ जनालाई तालिम प्रदान गरी सीप तथा क्षमता अभिवृद्धि गरिएको ।
- अधिकृतस्तर क्षमता अभिवृद्धि तालिममा २१ जनालाई तालिम प्रदान गरी गुणस्तरीय बीउ उत्पादन सम्बन्धी सीप तथा क्षमता अभिवृद्धि गरिएको ।
- हरित स्वयम् सेवकका लागि TOT तालिममा ४७ जनालाई तालिम प्रदान गरी प्रशिक्षक प्रशिक्षण तथा कृषि उद्यम सम्बन्धी सीप तथा क्षमता अभिवृद्धि गरिएको ।

**१७. सूचनाको वर्गीकरण**

सबै सूचना खुल्ला रहेको ।

**१८. सूचनाको माग सम्बन्धी निवेदन**

प्राप्त नभएको ।

**१९. विवरण अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण**

कार्यालयको वार्षिक प्रगति पुस्तिका, कार्यालयको वेबसाइट तथा चौमासिक प्रकाशन हुने चौमासिक बुलेटिन ।

निमित्त कार्यालय प्रमुख